# खाडीको सुन

आर. सी. अधिकारी




# खाडीको सुन

गजल सञ्चयन

आर. सी. अधिकारी

कृति : खाडीको सुन
विधा : गजल
गजलकार : आर. सी. अधिकारी
प्रकाशक : गजल सन्ध्या, पोखरा, नेपाल
प्रकाशन सहयोगी : दीपा अधिकारी
सर्वाधिकार : गजलकार
संस्करण : पहिलो, २०७२
छपाई : १००१ प्रति
सम्पादन : रूपिन्द्र प्रभावी
आवरण : बुद्धि गुरूङ
मूल्य : रू. १००।–
मुद्रण : दि मोर्डन अफसेट प्रेस, पोखरा

# समर्पण



पूजनीय बुबा
स्व. नन्दलाल अधिकारीप्रति

खाडीको सुन

# प्रकाशकीय

नेपाली साहित्यको समकालीन युगको सर्वाधिक लोकप्रिय विधा, अधिकांश सर्जकको प्रवेशद्वार र कतिपय नवप्रवेशीको पहिचानको मूल ढोका बनेको गजलको लोकप्रियता दिन प्रतिदिन बढ्दै गएको छ । 'गजलको उत्थान : हाम्रो अभियान' भन्ने उद्घोषलाई आत्मसात् गर्दै नेपाली गजललाई व्यापक बनाउन गजल सन्ध्या, पोखरा, नेपालले विविध समयमा विविध कार्यक्रमहरू गर्दै आएको छ । तीमध्ये गजल सङ्ग्रह प्रकाशन पनि पर्दछ । यसभन्दा अघि पनि सन्ध्याले विभिन्न गजल सङग्रहहरू प्रकाशन गरिसकेको छ ।

देशमै बस्ने इच्छा हुँदाहुँदै पनि गाँस, बास र कपासका लागि विदेसिनुपर्ने हामी नेपालीको बाध्यता बनेको छ । विगत केही वर्षअघि देखि परदेशमा बसेर गजलमा सक्रिय तवरले कलम चलाइरहेका गजलकार हुन्- आर. सी. अधिकारी । खाडी मुलुकमा गएर अधिकारीले कति सुन बटुल्न सके, त्यो त उनैलाई थाहा होला तर 'खाडीको सुन' भने हाम्रा हातमा सुम्पेका छन् अधिकारीले । यस सङग्रहका गजलहरूले माटोको माया, जीवनका उतार–चढाव, परदेसिनुको पिडा, प्रेम, वियोग आदिलाई अत्यन्तै मार्मिक तवरले पस्किएका छन् । उनका सबै गजलमा लय चेतना, भाव, काफिया, रदिफ सबैको उत्कृष्ट तालमेल रहेको पाइन्छ । मन छुने गजलहरूको सङ्ग्रह बनेको छ यो कृति ।

अन्त्यमा, गजलकार आर. सी. अधिकारीलाई **खाडीको सुन** गजल सङग्रह प्रकाशन गर्ने अवसर गजल सन्ध्या, पोखरा, नेपाललाई दिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछौँ । पक्कै पनि यस सङ्ग्रहले पाठकको न्यानो माया र साथ पाउने छ भन्ने विश्वास पनि हामीले लिएका छौँ । गजलकार अधिकारीप्रति हार्दिक बधाई र सफल जीवनका लागि हार्दिक शुभकामना पनि व्यक्त गर्दछौँ ।

● बिर्सना बस्नेत
अध्यक्ष
गजल सन्ध्या, पोखरा, नेपाल

# आर. सी.को सपनामा खाडीको सुन

**- रुपिन्द्र प्रभावी**

हामीसँग धेरै ठुला सपनाहरू छैनन् । स-साना सपनाहरूलाई किनारा लगाउन पनि ठुलै मूल्य चुकाउनुपर्ने बाध्यताहरू भने अद्यापि छन् । सपना देख्नेहरू नै हुन् संसार हल्लाउने । तिनीहरूले नै हुन् संसारलाई परिवर्तनको बाटोमा डोऱ्याएका । सपना ठुला हुन् या साना, तिनको महत्त्व स्वप्नजीवीका लागि उत्तिकै हुन्छ । खास गरी नेपाली युवाहरूले आजभोलि ठुला सपना देख्न करिब करिब बिर्सिसकेका छन् । उनीहरूलाई स-साना उपलब्धिले पनि खुसीको बहार दिने गरेको छ । सपनाहरूको हुलमा काम गरेर दुई छाक ढुक्कले खाने र जिउ जोगाउन ओत बनाउने सपना बढी जसो नेपाली युवाहरूको सपना बनेको छ आज । यही सपनालाई मूर्त रूप दिनका लागि अधिकांश युवाहरूको विकल्पको बाटो बनेको छ- खाडी । उनीहरू **खाडीको सुन** ल्याएर सपनाको महल बनाउने सपनामा तरङ्गिँदै हुत्तिन्छन् तर कहाँ सजिलो छ र सपना र विपनाको मेल हुनु ?

यस्तै एक स्वप्नद्रष्टा हुन् गजलकार आर. सी. अधिकारी । थाहा छैन, उनको सपना र विपनाका बिच कत्तिको तादात्म्य छ । उनले **खाडीको सुन**भित्र सपनाका अनेकौँ सिक्काहरू भने उनेका छन्, र बनाएका छन् एउटा सुनौलो कृति । गजलकार अधिकारी स्वतःस्फूर्त गजलकार हुन् । अनुभव र अनुभूतिले खारिएका । सैद्धान्तिक ठेलीहरूको सङ्गतबिना नै गजलका लयमा डुबेका । भावको गहिराइमा मोतीको खोजी गरिरहेका । ग्रामीण जीवनका सग्लो अनुभवमा रमेका । गजलकार अधिकारीले गजललाई नेपालीपनमा उनेका छन् । उनका अधिकांश गजलहरू लोक लयमा आधारित छन् । अधिकांश गजलमा नेपाली युवाको चिन्तन छ, जो विभिन्न कारणले परदेसिएको छ । अधिकांश पूर्ण काफियामा पनि । केही एकाक्षरी र आंशिक काफियामा पनि उनी सफल छन् । संरचना र भावको सही संयोजन उनका गजलमा पाउन सकिन्छ ।

परदेश जानु सायद अधिकांशका लागि बाध्यता नै हो । आदर्शवादी सोच हावी हुँदा वा परदेश गइसकेपछि भावुकतामा डुबुल्की मार्दा मान्छेहरू देशमा केही गर्न सकिन्छ भनेर उपदेश दिने गर्दछन् । यथार्थको धरातलमा उत्रेर हेर्दा विदेसिनु रहरभन्दा बढी बाध्यता नै भएको स्वयम् भोग्नेलाई मात्र थाहा हुन्छ । अनेकौँ ठाउँ र निकायमा हण्डर खाएका नेपाली युवालाई मात्र त्यो पिडा थाहा हुन्छ सायद । विदेसिँदैमा सबै समस्याको एकाएक हल भइहाल्ने पनि त होइन । जहाँ गए पनि नङ्ग्रा खियाउनु र पसिना बगाउनु त छँदै छ । असल कर्मले नै हो जीवन सफल बनाउने त । गजलकार आर. सी.का गजल पढ्दा लाग्छ, धन त कमाइएला खाडीमा वा अन्य देशमा तर सन्तोष ? सुख ? शान्ति ? कहाँ पाउनु ! मुटु र मन 'यतै' छोडेर तन मात्र 'उता' जाँदा कहाँ पाउनु सुख, सन्तोष र शान्ति ? उनले आमा, प्रियसी, गाउँले साथी, आफन्त र भिरपाखालाई आफ्ना गजलमा सम्बोधन गर्नुले पनि यो तथ्यलाई प्रष्ट्याए झैँ लाग्दछ ।

गजलकार अधिकारीका अधिकांश गजलमा खाडीमा पुगेका नेपाली युवाहरूको प्रतिनिधि व्यथा नै उद्धृत छन् । कतिपयलाई हास्य रस र व्यङ्ग्यको लेप लगाउने प्रयास पनि उनले गरेका छन् । वास्तवमा उनका गजलहरू हृदयले नै लेखिएका छन् । उनी स्वयम् पनि खाडीमै काम गरेका पात्र हुन् । यस अर्थमा पनि उनका गजलमा उल्लेख भएका अधिकांश प्रसङ्ग यथार्थका नजिक छन् भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

आमा र बाबुको दिन रातको हड्डी घोटाइ । बिहान बेलुकाको छाक टार्नै पनि धौ धौ । भाइ बहिनीको अभावपूर्ण बालापन र जवानी । श्रीमतीका इच्छाशक्ति आपूर्तिमा निरीहता । छोराछोरीको कलेटी परेका टीठलाग्दा ओंठ । साहुको रात दिनको टोकसो । अहो ! कति मात्र सम्झनु दुःख र दर्दका कथाहरू पनि । यी सबबाट मुक्ति पाउने सपना बोकेर भासिन्छ एक युवा खाडीतिर- देश निर्माणको अभिभारा छोडेर । त्यहाँ पुगेपछि पनि हाइसन्चो काम गर्न पाए त राम्रै हुन्थ्यो तर सम्भव छैन त्यो पनि । कहिले दलालका फेला परेर अर्को दुःखमा अल्झिन्छ ऊ । कहिले साहुबाटै प्रताडित हुन्छ । जेनतेन सास धानेर काम गर्छ सम्झेर आमा र श्रीमती । बच्चा र भाइ-बहिनी सम्झेर हत्केलामा जिन्दगी राखेर जोतिन्छ खाडीमा । बिडम्बना,

जसका लागि भनेर काम गरेर घर फर्किन्छ, ऊ चाहिँ घर संसार छोडेर गइसकेकी हुन्छे अन्यत्रै कतै । सहनुको पनि हद हुन्छ । सहनु पनि बाध्यता नै हुन्छ फेरि । तैपनि सपना देख्न त कहाँ छोड्छ र मान्छे ? देख्छ र देखिरहन्छ । खाडीको सुन लिएर आउने र सुन्दर सपना सजाउने सपना देखिरहन्छ– नेपाली युवा न जो पऱ्यो ।

गजलकार अधिकारीका गजलहरू पढिरहँदा मलाई मलायम भाषाका उपन्यासकार बेन्यामिनको उपन्यास 'खबुज'को सम्झना खुब आयो । खबुजभित्रका पात्र 'नजिब'को सपनाले मलाई पटक पटक ऐँठन भएको महसुस पनि भयो । नजिबको सपना र गजलकार आर. सी.का सपना एकाकार भएको मैले देखेँ पटक पटक । नजिबको सङ्घर्षमा आर. सी.को सङ्घर्ष देखेँ । नजिबमा मैले आर. सी.हरूलाई देखेँ, आर. सी.मा नजिब र आम नेपाली युवाहरू । त्यहाँका 'अर्बब'हरूले नेपाली युवाहरूलाई दिएका दुःखको कल्पनामा म धेरै बेर घोत्लिएँ । गजलकार अधिकारीले छताछुल्ल पारेका छन् परदेशी सपना गजल सङ्ग्रह **खाडीको सुन**भित्र ।

पोखरेली गजलका क्षेत्रमा एउटा अर्को प्रतिभाका रूपमा गजलकार आर. सी. अधिकारी आइपुगेका छन् । गजल सन्ध्या, पोखराले जारी राखेको अभियानमा एक इट्टा पक्कै पनि यो कृतिले थप्ने विश्वास मैले लिएको छु । उनको सुदूर गजलकारिताका लागि हार्दिक शुभकामना छ ।

**प्रधान सम्पादक/प्रकाशक**
**सम्मोहन साहित्यिक पत्रिका, पोखरा**
rupindrakatu@gmail.com

# मेरो भनाइ.....

नेपाली साहित्यप्रति सानैदेखिको रूचिलाई निरन्तरता दिँदै यहाँसम्म आइपुग्दा केही वर्ष खाडीको बसाइँको भोगाइ र देखाइबाट मनमा उब्जिएका कथा, व्यथा र भावनाहरूलाई कलमका माध्यमबाट व्यक्त गर्ने क्रममा यो **खाडीको सुन** यहाँहरूका लागि समर्पण गर्न सक्षम भएको छु । विशेष गरी यस सङ्ग्रहभित्र मैले खाडी मुलुकमा पसिना बगाउनुहुने मलगायत म जस्तै हजारौँ दाजुभाइ तथा दिदीबहिनीहरूका व्यथाहरूलाई समेट्ने प्रयास गरेको छु । त्यसबाहेक केही मनोरञ्जन र माया पिरतीका गजल पनि यसमा अटाउने प्रयास गरेको छु ।

कृति प्रकाशन गर्ने क्रममा भाषा सम्पादन, काँटाछाँट तथा प्रकाशनमा सम्पूर्ण सहयोग गर्नुहुने आदरणीय दाजु साहित्यकार तथा सञ्चारकर्मी रूपिन्द्र प्रभावी र मेरा रचनाहरूलाई धेरै माया गरेर सधैँ हौसला प्रदान गर्नुहुने आदरणीय दाजु श्रीप्रसाद गौतमप्रति विशेष आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस सङ्ग्रहलाई अध्ययन गरी मेरा कमी कमजोरीहरूलाई औँल्य( इदिनुहुने छ भन्ने ठुलो आशा लिएको छु, जसका कारण आगामी दिनमा अर्को सङ्ग्रह लिएर यहाँहरूसमक्ष पुनः आउन सकूँ । धन्यवाद ।

• आर. सी. अधिकारी

# एक

खाए पनि सुख्खा रोटी सेल भनेर मन बुझाइन्छ
झरे आँसु साउनमासे भेल भनेर मन बुझाइन्छ

जिन्दगीमा आपत् विपत् आइलागे' सि के लाग्यो र
यस्तै हो यार नियतिको खेल भनेर मन बुझाइन्छ

यता फेरि परदेशतिर, कठिन हुँदा दिन बिताउन
परिएछ दुई चार वर्ष, जेल भनेर मन बुझाइन्छ

मनमा आशा नमरून्जेल लाको माया जहाँ भए नि
एक दिन पक्कै हुन्छ होला मेल भनेर मन बुझाइन्छ ।

■■■

# दुई

दुः खका यी रीतहरू फेर्दै गयो जिन्दगीले
कति सहेँ चोट व्यथा हेर्दै गयो जिन्दगीले

ठगेपछि विधाताले मेहनतको बाटो रोजें
लेखें आफैं भाग्य रेखा, केर्दै गयो जिन्दगीले

उडी चन्द्र छुन्छु भन्दै, अघि-अघि पाइला चाल्दा
चारैतिर मौरीले झैं घेर्दै गयो जिन्दगीले

अमृत थियो मेरो भागमा उताबाट विष मिसाई
सर्प बनाई अँगालोमा बेर्दे गयो जिन्दगीले

भर्खर-भर्खर पलाएका आशाका ती मुनाहरू
नफक्रँदै घाँटी समाई सेर्दै गयो जिन्दगीले

■■■

# तिन

गरौँ साइत दियो कलश पाला लगाएर
रातो टीका मखमलीको माला लगाएर

आँटिहालौँ सुखका दिन बिताउँला उतै
सहर पसौँ गाउँको घरमा ताला लगाएर

गाजलु र लाली पाउडर कोरी बाटी चट्टै
खुट्टाभरि पाउजु हातमा बाला लगाएर

बसौली नि नयाँ–नयाँ वस्त्र फेर्दै तिमी
रङ्गीचङ्गी राता, सेता, काला लगाएर

के के हुन्छ थाहा छैन जवानीको मातमा
मेरो ओंठमा तिम्रो सुन्दर गाला लगाएर ।

■■■

# चार

चट्टै गाजल आँखैभरि, नानी काला काला देखी
पागल भएँ म त सानी, तिम्रा राता गाला देखी

भेट हुनलाई गाको हिजो, सान्नानीको बस्तीनेर
फर्किएर आइयो त्यसै, घरमा ला'को ताला देखी

जवानीको मातले हो कि, झुटो बोल्दै झुक्याउँछे
रिस उठ्छ कहिलेकाहीँ, उसको यस्तै चाला देखी

नक्कल पार्ने नक्कलीको, मनको कुरा बुझेर नै
पाउजु पनि किन्देको छु, हातमा ला'को बाला देखी ।

■■■

# पाँच

तिमीले छोडेपछि अन्त, नाता जोडिएन
फाट्यो किताब पिरतीको गाता जोडिएन

मैले दे’को मायाको व्याज तिर्न नसके’सि
पुराना ती हिसाब किताब खाता जोडिएन

मुटुसँग मुटु हैन, रूपसँग रङ्ग मिल्ने
त्यही भएर कालासँग, राता जोडिएन

वर्ष बिते जस्तो लाग्छ छुट्टिएको हामी दुई
अझै धेरै भयो क्यारे, साता जोडिएन

दर्के पानी बिदो भयो घाम लाग्यो तर पनि
लौ न हजुर जिन्दगीको छाता जोडिएन ।

■■■

# पाँच

जुन आफैँ पराइ भयो घाम हेरी मन बुझाइयो
सहरको रहर गयो, गाम हेरी मन बुझाइयो

चलन गयो चिठी लेख्ने पठाउँदिनन् मायालुले
आज पनि त्यै पुरानो खाम हेरी मन बुझाइयो

काम त अलि कठिन नै छ, परदेशको ठाउँ त्यस्तै
महिनामै लाख कमाइया'छ दाम हेरि मन बुझाइयो

प्यारो लाग्थ्यो मलाई त झन् उनले देकी चोट
घाउ त बिसेक भयो तर, डाम हेरि मन बुझाइयो ।

■■■

# सात

मेरो भयो जीवन यता अचानो र दाउमा प्यारी
के छ त्यता तिम्रो खबर के हुँदै छ गाउँमा प्यारी

त्यसै व्यथा त्यसैमाथि तिमी रून्छ्यौ पागल हुन्छु
नुन थप्ने काम नगर बल्झिएको घाउमा प्यारी

कत्रो भयो कुन्नि आजकल माया गर्नू धेरै उसलाई
त्यति एउटा छोरा त हो सम्पत्तिको नाउँमा प्यारी

साह्रै चित्त दुख्छ मेरो, बिरामी भई भन्ने सुन्दा
काँडा पनि नबिझोस् है तिम्रा सुन्दर पाउमा प्यारी ।

■■■

# आठ

बितिहाले हिजो अब, भोलि हेर सानु
लाग्छ परदेश फाट्यो तिम्रो चोली हेर सानु

रिसाएर हो कि किन नबोलेरै बसेकी नि
मुख खोलेर एकै वचन बोली हेर सानु

रहर हैन मेरो पनि बाध्यताको कुरा सबै
रित्तिसक्यो भकारी त खोली हेर सानु

एकोहोरो नबनेर सोच आफैँ था'पाउने छ्यौ
मनका रहर बाध्यतामा घोली हेर सानु ।

■■■

# नौ

झुटो बोल्या' छैन कहिल्यै बोल्ने पनि आदत छैन
संसार उल्टो बनाइदिने त्यस्तो मेरो तागत छैन

तिम्लाई पनि मलाई जस्तै हुन्छ भने टाढा हुँदा
हिंड बरू सँगै लान्छु, मलाई कुनै आपत् छैन

भर परे यै ज्यानको, राम्रो लाउली, मिठै खाउली
पहिले जस्तो अहिले मेरो बिग्रिएको हालत छैन

सधैँभरि मैले चाल्ने, हरेक कदम सही हुनाले
आवत मात्रै हुन्छ सधैँ कहिल्यै पनि जावत छैन ।

■■■

# दस

विचार गर तल र माथिमा फरक हुन्छ
पक्कै पनि दिन र रातिमा फरक हुन्छ

ब्याजको माया हुन्छ तर हे हजुरआमा
कुरा बुझ्नुस् छोरा र नातिमा फरक हुन्छ

तिमीले लेख्यौ बाहिर नाम मैले भित्र लेखें
थाहै होला, हात र छातीमा फरक हुन्छ

मान्छे एउटै रगत रातो तर पनि अझै यहाँ
किन साथी धर्म र जातिमा फरक हुन्छ ?

■■■

# एघार

थाहा छैन, जानेर या नजानी बनाइयो
दु:खसँग रमाउँदै यो जवानी बनाइयो

बाध्यता नि थियो तर बुद्धि पनि बिग्रिएर
सोह्र पुगी सत्र लाग्दा राहदानी बनाइयो

सोचेजस्तो रहेनछ र, कैयौँ पटक परदेशमा
धर्ती ओछ्यान, ढुङ्गाको सिरानी बनाइयो

मुटु जल्दा सधैँ सधैँ हरेक रातमा प्राय:जसो
आँसुलाई नै मुख धुने पानी बनाइयो

हाँस्नै पर्ने सारा पिडा, मुटुभित्रै दबाएर
अचम्म यो कस्तो जिन्दगानी बनाइयो ।

■■■

# बार

भएभरका पिर सबै पोको बाँधी पठाऊ यता
अटाउन सके जति खाँदी खाँदी पठाऊ यता

दुइटा शरीर तर मुटु एउटै बनाई आएको 'थेँ
सम्हाल्नलाई नसकेमा आधी पठाऊ यता

औँठी, सिक्री ऊ बेलामा साटेका ती चिनोहरू
सुन तिमी त्यतै राख चाँदी, पठाऊ यता

सुखमा नै जिउनु सधैँ मुस्कान छर्नु जतातते
दुःखसँगै आँसु मिलाई साँधी पठाऊ यता ।

■■■

# तेर

दुइटा शरीर अलग, अलग मन एउटै हाम्रो
मनभित्रको ढुकढडुकी र धड्कन एउटै हाम्रो

छल गरेर यस धर्तीले जति टाढा बनाए नि
नजर लाउने जुन र घाम, गगन एउटै हाम्रो

नङ र मासु छुटेको झैँ दर्द धेरै धेरै हुँदा
हरेक पलमा छाती जल्ने, जलन एउटै हाम्रो

बाँचुन्जेललाई जे जस्तो होस् मरेपछि भने
सँगै चिहान हुनैपर्ने वचन एउटै हाम्रो

दुरी टाढा माया भने झन् झन् गाढा बनाएर
पिरतीको डोरी कस्ने, बन्धन एउटै हाम्रो ।

■■■

# चौध

रित्तत्तो डुङ्गा तालमा झैँ उत्रिएको जिन्दगी यो
बाधा अनि अवरोधमा गुज्रिएको जिन्दगी यो

व्यथाहरू हल्का पार्ने आँसु सारा रित्तिएर
टाल्दा टाल्दै फेरि पनि उध्रिएको जिन्दगी यो

मैदान रोज्दा सोच्या' थिइनँ समीपैमा भिर होला
सपार्नलाई खोज्दाखोज्दै बिग्रिएको जिन्दगी यो

गन्तव्यमा पुग्न नपाई पाइलैपिच्छे ठेस लाग्दा
आशा मरी निराशा नै सप्रिएको जिन्दगी यो

न त कुनै काम भयो न त होला भविष्यमा
छिप्पिएको घिरौँला झैँ घोक्रिएको जिन्दगी यो ।

■■■

# पन्ध्र

कस्तो माया पिरती, भुल्न गाह्रो हुँदो रै'छ
छाती पोल्दा भतभती भुल्न गाह्रो हुँदो रै'छ

टिलपिल आँसु देखाएर साइत गर्ने बेलातिर
रोइन् भने श्रीमती भुल्न गाह्रो हुँदो रै'छ

मन उसकै मुटु उसकै प्राण पनि उसैको हो
दिँदा सबै भए जति भुल्न गाह्रो हुँदो रै'छ

विगतको याद मेटाइदिने पाएदेखि रोजेर नै
खान हुन्थ्यो ओखती भुल्न गाह्रो हुँदो रै'छ

रहरले कहाँ हो र, बाध्यताले छुट्दा पनि
भन्दा फेरि असती भुल्न गाह्रो हुँदो रै'छ ।

■■■

# सोर

गाता मात्रै अलग भयो किताब उस्तै छ
सूत्र मात्रै अलग भयो हिसाब उस्तै छ

सफल भए रहर सबै फेरि पनि अझैसम्म
मनभित्र किन किन तनाव उस्तै छ

पुग्नु भन्थे फेंदीसम्म टाकुरामै पुग्दा पनि
अझै किन सुख छैन दबाब उस्तै छ

उनको कथा सुनेपछि विचार गरेँ मैले पनि
हामी दुईको मनभित्रको भाव उस्तै छ

स्वाद मात्रै अलग अलग काम एउटै भएपछि
मेरा लागि आँसु अनि सराब उस्तै छ ।

■■■

# सत्र

बारम्बार भनियो फेरि भनियो
अर्काकी श्रीमती मेरी भनियो

घरमै हुँदा जुन जस्ती आफ्नी
काली न काली अँधेरी भनियो

वैंसको बेला के देखेँ कुन्नि
आँगनलाई पनि मझेरी भनियो

माग्नेलाई बरू सबै थोक दिउँला
भविष्य आफ्नो नहेरी भनियो

बेलामा बुद्धि नपुग्दा अहिले
पछुतो पऱ्यो हत्तेरी भनियो ।

■■■

# अठार

यतिन्जेलसम्म पालेको के काम
बास्दै नबास्ने भालेको के काम

लक्ष्य नै छैन, गन्तव्यबिना
अब यी पाइला चालेको के काम

साह्रै नै राम्री जुन जस्ती उनलाई
म जस्तो यस्तो कालेको के काम

जति नै राम्रो भए नि त्यो फुल
अर्कैले चुसी फालेको के काम

लाग्दै छ अब अन्धकार प्यारो
धिपधिपे दियो बालेको के काम

टुप्पोको फललाई नटिप्ने भए
जरा नै देखि ढालेको के काम ?

■■■

# उन्नाइस

पिरतीको खेल यस्तै जीत कि हार हुनुपर्‍यो
अल्झाएर राख्छौ कति वार कि पार हुनुपर्‍यो

सक्छौ मेरो शिरमै बस नसकेमा पाउमा बस
चुनौती हो तिम्रो लागि फुल कि झार हुनुपर्‍यो

बैंस बित्यो एक्लो हुँदै अझै कति एक्लो हुने
साँच्चै तिमी भएदेखि भएको सार हुनुपर्‍यो

न त टेक्ने अखेटो भो न समाउने डाली नै छ
मान्छे हुँ यार म पनि त बाँच्ने आधार हुनुपर्‍यो

गन्तव्य छ धेरै टाढा जान्छु भन्दै आउँदैनौ खै
मलाई जस्तै तिम्लाई पनि अलि हतार हुनुपर्‍यो ।

■■■

# बिस

म हिंड्ने बाटो हेर्दै काँडे तारको बार लगाऊ
सक्छ्यौ भने घाँटी रेट्न खुकुरीमा धार लगाऊ

देख्दाखेरि तिम्लाई मेरा छायाँले नि पोल्छ भने
चाहे तिमी आफै मार चाहे सारा संसार लगाऊ

मैले हारेँ मायाको खेल जीत तिम्रै भयो अब
कलकलाउँदो लर्के जोवन अरूलाई नै पार लगाऊ

जुन दिन मेरो लास जल्छ चितामाथि दनदनी
तिम्रो पछि नौमती र जन्ती सयौँ हजार लगाऊ

रङ्गीन नै छ तिम्रो जीवन अझै रङ्गीन बनाउनलाई
सोच अनि राम्रोसँग गहिरिएर विचार लगाऊ ।

■■■

# एक्काइस

लागेको 'थ्यो ऋणमाथि दिन, त्यही भएर परदेश लागेँ
सुख दे'न साहुले एकछिन त्यही भएर परदेश लागेँ

रूँदै गर्थिन् मेला र पात यी आँखाले देखेपछि
आमाको मुख सधैँ मलिन त्यही भएर परदेश लागेँ

पढे पनि आई. ए., बी. ए. बोके पनि प्रमाणपत्र
जागिर पाउने थे'न यकिन त्यही भएर परदेश लागेँ

उनका इच्छा चाहनालाई पुरा गर्न सकिनँ र
बैनीले नि आँखा तर्थिन् त्यही भएर परदेश लागेँ

सङ्घर्षका पाइलाहरू धेरै चालेँ तर पनि
नभए 'सि आफ्नो अधिन त्यही भएर परदेश लागेँ ।

■■■

# बाइस

बित्दै छ जीवन आँसुका ढिक्कासँग
छुटेपछि साथ आफ्नै प्रेमिकासँग

माया त गरेकै हुँ मनदेखि मुटुदेखि
जसरी कृष्णले गर्थे राधिकासँग

हिजो हाँसियो, फेरि आज रूनुपऱ्यो
नजानेर जीवन जिउन तरिकासँग

मेरो सम्बन्ध अब त्यहीँ नै जोडिने छ
सडकमा भौंतारिएका बालबालिकासँग ।

■■■

# तेइस

हेर्नुस् यहाँ, हत्केला उस्तै छ
पौखरी हातको ठेला उस्तै छ

साहुको हुँदा सुनैको छानो
मजुदरको अझै जेला उस्तै छ

नभन्नु मलाई बिग्रेको भनी
ए मेरो हजुर, बेला उस्तै छ

जान्नेले त्यस्तै सिकाएपछि
जस्तो छ गुरू चेला उस्तै छ

फेरिए कति दिन, महिना, वर्ष
तर नि यहाँ झमेला उस्तै छ ।

■■■

# चौबिस

चुलो चौको आफैं गर्दै, जुठा भाँडा माझी राख्थैँ
बासी खान्थैँ बरू आफैँ तिम्लाई सधैँ साजी राख्थैँ

घमण्ड नै छोडी आफ्नो जे जे भन्थ्यौ मान्थैँ र त
दुःख आफू सहेर नै तिम्लाई खुसी राजी राख्थैँ

बोली वचन मिठो तर रूपकी राम्री नभए नि
अप्सरा हौ तिमी भन्थैँ जुनसँग दाँजी राख्थैँ

भेट्न आउँदा राती राती माया बस्ने बेलातिर
डर हुँदा नि अनेक थरि आफ्नै शरीर बाजी राख्थैँ ।

■■■

# पच्चिस

जति 'थ्यो पीडा मलाई नै थियो
दिने त्यो आखिर पराइ नै थियो

जिन्दगी सँगै बिताउँला भन्ने
त्यो मात्र केवल भनाइ नै थियो

भने नि तिम्लाई ठिकै छु भनी
मुटुमा धेरै दुखाइ नै थियो

हाँसे नि दिनमा रातिमा भने
सिरानी सधैँ रूझाइ नै थियो

त्यसैले माया झन् गाढा भा'को
दुई दिनको जम्मा बसाइँ नै थियो

छोडे नि मलाई दिए नि आँसु
मेरो त तिम्लाई बधाई नै थियो

दुःख र सुख जिन्दगी भन्ने
त्यो सबै मेरो भोगाइ नै थियो ।

■■■

# छब्बिस

सारङ्गी झैँ आफ्नो पेट बहिनी पनि भोको देख्थेँ
दलिन समाई कान्छो भाइ सधैँ भरि, रो'को देख्थेँ

मजदुरीमा छाक टर्थ्यो आमा गर्थिन् मेला र पात
हँसिया र नाम्लो साथमा शिरमा सधैँ डोको देख्थेँ

उध्रिएको हरको चोली छ वर्ष भो लगाएको
नयाँ फेर्न नसकेर बरोबर त्यै धो'को देख्थेँ

भरिया 'थे बाबा पनि चाडबाड आउने बेलातिर
निमेक साहुले नदिनाले उसैको पाउ छो'को देख्थेँ

घुम्दै फिर्दै दसैँ आउँथ्यो गुन्द्रुक आँटो हाम्रो घरमा
छिमेकीको आँगनैमा खसी देख्थेँ बोको देख्थेँ ।

■■■

# सत्ताइस

छुट्टै मेरो पहिचान छ, देशका नाका, नाकासम्म
काठमाडौँको सहरदेखि कोलम्बो र ढाकासम्म

जिन्दगी नै रमाइलो भो प्यारो भइयो दुनियाँको
आफ्नै काका/मामादेखि गाउँका बुढापाकासम्म

सलाम ठोक्छन् सारा सबै नाम नै मेरो काफी हुन्छ
पढे-लेख्या विद्वान्देखि, बकम्फुसे डाँकासम्म

देख्यो कि त सहरतिर मेरै पछि लाइन हुन्छन्
सुकुमारी कन्यादेखि कोही अरूकै भा'कासम्म

यस्तै-यस्तै कारणले हो उनले मलाई मन परा'की
अब आफ्नै बनाउने हो आगुम यसै ताकासम्म ।

■■■

# अट्ठाइस

आँसु पिउँदै अन्न भनी अझैसम्म बाँचेको छु
खाएँ हजुर टन्न भनी अझैसम्म बाँचेको छु

खुसी साटो आँसु दिने निस्ठुरीलाई भेटेर नै
दुईचार कुरा भन्न भनी अझैसम्म बाँचेको छु

दुःख पीडा जति नै होस् चल्दो रै'छ जिन्दगी त
जसोतसो धन्न भनी अझैसम्म बाँचेको छु

यस्तो लाग्छ सधैँभरि उसकै यादमा तड्पी-तड्पी
पागल जस्तै बन्न भनी अझैसम्म बाँचेको छु

कति बिते त्यै वियोगमा अनिँदा यी रातहरू
पलपल सम्झी गन्न भनी अझैसम्म बाँचेको छु ।

■■■

# उनन्तिस

कलमबिना के काम कापी बिर्सिएकै राम्रो होला
आजै सुम्पी ताला चापी बिर्सिएकै राम्रो होला

मनभित्रको अखबारमा तिता मिठा क्षणहरू
जस्ता थिए त्यस्तै छापी बिर्सिएकै राम्रो होला

दिल जल्यो मेरै आखिर खरानी भो मेरै भागमा
बल्दो आगो उसले तापी बिर्सिएकै राम्रो होला

घर फोरेर कहाँ हो र दिल चोरेर व्यापार गर्ने
आत्मघाती खराब पापी बिर्सिएकै राम्रो होला

ठन्डा याममा उसकै लागि भदौरे घाम बन्दिँदा नि
पुगेन र अर्को खापी बिर्सिएकै राम्रो होला ।

■■■

# तिस

चोटैचोटले यो मुटुलाई थिलोथिलो पारी गयौ
गुलियोमा सयौँ मेरो मन अमिलो पारी गयौ

टलटल हिमाल जस्तै टल्किने यै मुहार थियो
घात गरेर आज फेरि कालो निलो पारी गयौ

खेल जितेर पिरतीको अपार खुसी तिम्रो भागमा
मेरो भागमा पिडा मात्रै सयौँ किलो पारी गयौ

दुई दिन भेट नहुँदा त रून्थ्यौ कति मुर्छा परी
आखिरीमा बैगुनीले मन दरिलो पारी गयौ

न सकियो जीवन फाल्न पाल्न झनै गाह्रो भयो
अचम्मै भो जिन्दगी नै असजिलो पारी गयौ ।

■■■

# एकतिस

कामै छैन भन्ठानी फ्याँक्न हुँदैनथ्यो
ठेकी फुट्दा मदानी फ्याँक्न हुँदैनथ्यो

सुन जस्तो पित्तल हुन्न तर पनि राम्रोसँग
त्यसै जान्दै नजानी फ्याँक्न हुँदैनथ्यो

बुढेसकालमा पक्कै पनि यही पछुतो पर्छ होला
परदेशतिरै जवानी फ्याँक्न हुँदैनथ्यो

साँच्चै सोच्या भएदेखि वर्तमान भन्ँ भविष्यको
आगो तापी खरानी फ्याँक्न हुँदैनथ्यो

नदी तिरको खेत बेचे'सि यही पछुतो परेको हो
भए हुन्थ्यो कटानी फ्याँक्न हुँदैनथ्यो ।

■■■

# बत्तिस

यो साल हैन पोहोरकै सालमा छोडी आएको हुँ
खाँदा-खाँदै भात त्यसै थालमा छोडी आएको हुँ

साहुको ऋणले चुली ला'थ्यो भिसा हातमा परेपछि
दमका रोगी बालाई त्यस्तै हालमा छोडी आएको हुँ

बाध्यताले खरायो झैँ आफू बन्दा पियारीलाई
सुस्त-सुस्त कछुवाको चालमा छोडी आएको हुँ

थेÚन खाने अन्न धेरै के खाँदै छन् बाल बच्चाले
दुई पाथी धान एक माना दालमा छोडी आएको हुँ

बिछोडको पिडाले झन् बग्छन् धेरै आँसु सोची
सारा आँसु उतै फेवातालमा छोडी आएको हुँ ।

■■■

# तेत्तिस

लाउने भए माडवारी तिम्लाई केको पिर भयो
बेचिदिउँला घरबारी तिम्लाई केको पिर भयो

त्यसै पनि सम्पन्न छु खाउली सुती-सुती
जागिर मेरो सरकारी तिम्लाई केको पिर भयो

पकाएर खान दिउँला जुठा भाँडा मै माझुँला
बस खुट्टा पसारी तिम्लाई केको पिर भयो

कुलतबाट टाढा नै छु जाँड-रक्सीको के कुरा भो
छोको छैन सुपारी तिम्लाई केको पिर भयो

बिहे गरे यसै साल छोरो पाउली अर्को साल
छिट्टै पाउँछ्यौ बुहारी तिम्लाई केको पिर भयो ?

■■■

# चौतिस

एकोहोरो मन पराई माया लगाइँदैन
पछि फेरि पर्ला भनाइ माया लगाइँदैन

चोट दिएर मुटुभित्रै दुखाएर कमलो मन
रूवाएर जाउली मलाई माया लगाइँदैन

नानाथरि बात गरेर भोलि फेरि घात गरेर
दुई दिनमै छुट्ने अस्थायी माया लगाइँदैन

दुःखी कर्म त्यसै माथि रून मात्रै लेखेको छ
झुटो बोली फकाई फकाई माया लगाइँदैन

बाध्यता छन् वरिपरि छुट्नु नै छ त्यसै पनि
परदेशको मेरो बसाइँ माया लगाइँदैन ।

■■■

# पैंतिस

आजसम्म ठिकै छु भोलि क्यारी जानु आमा
बिरानो यो ठाउँमा बसी कसलाई आफ्नो ठानुँ आमा

था'छ मलाई राम्रोसँग तिम्रो कपाल काँस भैँ फुल्यो
के छ कुन्नि भाइको खबर कस्ती भै'छिन् नानु आमा

दसैँ आयो खसी ल्याउलान् बिन्ती गरी छिमेकीलाई
उधारोमै भए पनि दुई छाक मासु खानू आमा

मिलीजुली घर धानेर बस्नू आफ्नो भन्ठानेर
रूखो बोली नबोल्नु है रोलिन् मेरी सानु आमा

दुःख पीडा लुकाएर हाँस्नै पर्छ जिन्दगीमा
बाँचुन्जेल हो तेरो मेरो मरे के छ लानु आमा ?

■■■

# छत्तिस

तिम्रो भयो छोटो जामा विचार गर्नुपर्छ अब
मेरो भए दारी लामा विचार गर्नुपर्छ अब

पोहोर पनि टारेकी हौ अहिले पनि मिति सार्दै
कति राख्छ्यौ प्रतीक्षामा विचार गर्नुपर्छ अब

आँटिहाले राम्रो कान्छी बैंस जाला जोवन जाला
छिप्पेपछि के काम तामा विचार गर्नुपर्छ अब

एक अर्काको भर हुने छ हाम्रो छुट्टै घर हुने छ
छोडेर आऊ बाउ र आमा विचार गर्नुपर्छ अब

झ्याप्पै तिम्रो सिउँदो मैले नभरेमा यो हिउँदमा
झन् मिल्दैन बरिखामा विचार गर्नुपर्छ अब ।

■■■

# सैतिस

कहिल्यै पनि आउला यस्तो बेला भनी थाहा थिएन
जिन्दगीले चोटमाथि चोट देला भनी थाहा थिएन

भलो गर्दा दुनियाँको राम्रो सोच्दा-सोच्दै पनि
भइने हो कि आखिरीमा हेला भनी थाहा थिएन

रमाई-रमाई झोला बोकी परदेश लाग्ने बेलातिर
हुन्छन् कि त हातैभरि ठेला भनी थाहा थिएन

चिप्लो बोल्थी बैमानीले शa\का लाग्थ्यो तर पनि
उसको लागि पिरती हो खेला भनी थाहा थिएन ।

■■■

# अड्तिस

आँखाबाट बगाउन जानियो
पिउँदै आँसु अघाउन जानियो

आफ्नो जीवन बिते नि रूँदै
अरुलाई सधैँ हँसाउन जानियो

आज उनकै मायाको कारण
सबैको सामु लजाउन जानियो

मरे'थेँ भन्दै अखेटो भाँचिदा
कस्सो डाली समाउन जानियो ।

■■■

# उनन्चालिस

झिसमिसेमा दिए'थ्यौ बिदा याद अझै आउँछ होला
रोइथ्यौ धेरै ज्यान छुट्‌टिँदा याद अझै आउँछ होला

तिम्रो हातले पकाएको तितो पनि मिठो भन्थेँ
कसौँडीको भात पस्किँदा याद अझै आउँछ होला

माया ला'को अँधेरोमा घर नजिकै पँधेरोमा
पुरानो त्यै पल सम्झिँदा याद अझै आउँछ होला

सोह्र पुगी सत्र लाग्दै, सानै थियो उमेर पनि
एक अर्कालाई जोवान दिँदा याद अझै आउँछ होला

विपनीमा नभए नि अनायासै सपनीमा
तिम्रै सामु म उभिँदा याद अझै आउँछ होला ।

■■■

# चालिस

अलिकति चिन्तन गरे मनन गरे हुन्थ्यो तिम्ले
मैले जस्तै जिम्मेवारी बहन गरे हुन्थ्यो तिम्ले

औँठी हराउँछ्यौ कि कुन्नि रूमाल फाटी जाने हो कि
मायालुको चिनो भनी जतन गरे हुन्थ्यो तिम्ले

दिउँला बरू सारा संसार मलाई त्यसको बदलामा
केवल मिठो बोली अनि वचन गरे हुन्थ्यो तिम्ले

सहेर नै हजारौँ चोट बाहिर मुस्कान छर्दै हिंड्ने
सिकाउँथेँ म मेरो जस्तै चलन गरे हुन्थ्यो तिम्ले

साँझ विहान वर माग्नलाई मन्दिर धाउन नसके नि
आफ्नै मनलाई देउता सम्झी दर्शन गरे हुन्थ्यो तिम्ले ।

■■■

# एकचालिस

आफ्नै हातले आफ्नो भाग्य लेखिँदैन के गर्ने हो
भावीले नै लेख्या कुरा केरिँदैन के गर्ने हो ?

देखे पनि ठुला सपना पहाड फुटाई तिल बनाउने
हत्केलाले चन्द्र, सूर्य छेकिँदैन के गर्ने हो ?

तिमी उता म छु यता बिचमा डाँडो भै'दिनाले
चाहेर नि कहिल्यै पनि भेटिँदैन के गर्ने हो ?

के नै छु र कमाएको खाली छन् यी हातहरू
दुःख पीडा बजारतिर बेचिँदैन के गर्ने हो ?

आँसुसँगै रमाई-रमाई जिउनै पर्ने बाध्यताले
भने पनि यस्तो जीवन झेलिँदैन के गर्ने हो ?

■■■

# बयालिस

तलदेखि माथिका ठुला बन्छन् अचेल
मान्छेहरू पाटीका ठुला बन्छन् अचेल

चर्को पोल्ने दिनका घाम त्यसै पनि ठुलै थिए
जुन पनि ती रातिका ठुला बन्छन् अचेल

जुठा भाँडा माझे पनि गैँची बेल्चा खेलाए नि
लाहुरेहरू खाडीका ठुला बन्छन् अचेल

जमानाले गर्दा हो कि सिधासादा गाउँका चेली
राधिका या कालिका ठुला बन्छन् अचेल

युग फेरिँदा यसरी नै समयको गतिसँगै
भ्यागुता नि पानीका ठुला बन्छन् अचेल ।

■■■

# त्रिचालिस

न कुनै सुर छ न ताल छ यहाँ
तिम्रो नै खाँचो तत्काल छ यहाँ

था'छ छैन यो ज्यानले सधैँ
आँसुले पिडा पखाल्छ यहाँ

जुका झैँ टाँसी बस्न त हुन्थ्यो
इज्जतको पनि सबाल छ यहाँ

लाग्छ नै यस्तो तिम्रो साथबिना
कमाए पनि कङ्गाल छ यहाँ

भन्न त मन 'थ्यो ठिकै छु भनी
के गरौँ साह्रै बेहाल छ यहाँ ।

■■■

# चवालिस

यिनै कुरा पटक–पटक भन्थ्यौ तिम्ले भुल्यौ किन
तिमी तुलो म हो ढक भन्थ्यौ तिम्ले भुल्यौ किन

गहिरो हाम्रो सम्बन्ध छ नङ र मासु जस्तै हामी
एक अर्काका परिपूरक भन्थ्यौ तिम्ले भुल्यौ किन

तिमी मेरो म नै तिम्रो तिमी बाहेक कोही अरूको
लाग्ने छैन ममाथि हक भन्थ्यौ तिम्ले भुल्यौ किन

समीपैमा तिमी भए इतिहास मेटिन्छ, भोक मेटिन्छ
देखे पनि एकै झलक भन्थ्यौ तिम्ले भुल्यौ किन

झुटो माया झुटो बाचा एक साल पनि टिकेन खै
सँगै जिउँला दशकौँ दशक भन्थ्यौ तिम्ले भुल्यौ किन ।

■■■

# पैंतालिस

भट्टी धाउने मेरो बानी घर फर्कंदा ढिलो हुन्थ्यो
त्यही देखेर तिम्रो मुहार सधैँ कालो निलो हुन्थ्यो

भौँतारिँदा गल्ली-गल्ली मैला हुन्थे लुगाफाटा
अँधेरी रात त्यसैमाथि बाटोभरि हिलो हुन्थ्यो

ढोका खोल्थ्यौ अँध्यारोमा रिसाउँदै पर सर्थ्यौ
बोलाऊँ बोलाऊँ लाग्थ्यो तर बोल्नै असजिलो हुन्थ्यो

भन्थ्यौ तिम्ले भट्टी धाउन छोडे हजुर आजैबाट
अँध्यारो यो हाम्रो जीवन कति चहकिलो हुन्थ्यो

भाग्य सोच्दा ती आँखामा बर्सात् हुँदो रै'छ र पो
हरेक रातमा तिम्रो सिरान सधैँ गिलो-गिलो हुन्थ्यो ।

■■■

# छयालिस

जवानी ढल्क्यो छोपेर हुँदैन आँटम भो अब सोचेर हुँदैन
मa\सिरै जाला, पुस आउला फेरि यस्तो यो मौका छोडेर हुँदैन

दिँदैनन् माग्दा भागेकै जति बाउ आमासँग सोधेर हुँदैन
मुटुको माया देखाउने क्यारी तुलोमा राखी जोखेर हुँदैन

सानो छ चिनो गर है जतन हराएपछि खोजेर हुँदैन
देखाउनुपर्छ व्यवहारमा पनि मुखैले मात्र बोलेर हुँदैन ।

■■■

# सतचालिस

बढ्न थाल्यो धेरै जाडो एक्लै बस्न मन लागेन
अब फर्की आउँछु चाँडो एक्लै बस्न मन लागेन

बैँस गयो पैसा खोज्दा बुढो भइयो तर कहिल्यै
नभरिँदा लोभको भाँडो एक्लै बस्न मन लागेन

दुःख गर्दा त्यतैतिर खान पुग्ला नपुगेमा
खाउँला बरू गुन्द्रुक फाँडो एक्लै बस्न मन लागेन

सम्भिँदा नि छाती पोल्छ आफ्नै पाखा पखेरो र
घरमाथिको अग्लो डाँडो एक्लै बस्न मन लागेन ।

■■■

# अठचालिस

यत्ति ठुलो संसारभित्र आना हुन्न गरिबको
मुरी फाल्छन् हुने खाने माना हुन्न गरिबको

सात तलाको महलभित्र अटाउँदैनन् धनीहरू
भरी पर्दा ओत लाग्ने छाना हुन्न गरिबको

गरे पनि हजार दुःख पसिनाको खोला बगाई
भकारीमा दुइटा गेडा दाना हुन्न गरिबको

साहुकाँ बस्दा छोराछोरी दिनैपिच्छे भेष बदली
जिउ ढाक्नलाई एक सरो नाना हुन्न गरिबको

विधाताले नलेखे नि मिल्ने भए भाग्य लेख्न
रगत हुन्थ्यो मसी बरू पाना हुन्न गरिबको ।

■■■

# उनन्चास

गए यतै एक मुठी सास यही पिर लाग्छ मलाई
जाने हो कि बाकसमा लास यही पिर लाग्छ मलाई

जिउँदै फर्के हर्ष मान्लान् घरमा अस्तु मात्रै पुगे
रूँदै धेरै मान्लान् अत्यास यही पिर लाग्छ मलाई

गाउँको मेरो खरको झुप्रो उडाउने पो हो कि कतै
चल्यो भन्दा हुरी बतास यही पिर लाग्छ मलाई

बादलपारि आफ्नै मुटु भेट नहुने कहिल्यै किन
हुँदा एउटै धर्ती आकाश यही पिर लाग्छ मलाई

कति थिए मनमा रहर पुरा हुने होइन कहिल्यै
भए पनि सधैँको दास यही पिर लाग्छ मलाई ।

■■■

# पचास

गयौ भने सानोतिनो धन्दा हुन्छ नेपालतिरै
बारिभरि काउली, आलु, बन्दा हुन्छ नेपालतिरै

बार घण्टा तातो घाममा खट्नुभन्दा परदेशमा
बरू आफ्नै बारी पाटा खन्दा हुन्छ नेपालतिरै

दु:ख लुकाई सुख देखाई लाहुरे हुँ म भन्नुभन्दा
ढुक्कसँग किसानी हुँ भन्दा हुन्छ नेपालतिरै

रूँदै रूँदै रगतसँग साट्नुभन्दा रियल दिराम
हाँसी हाँसी सुका मोहोर गन्दा हुन्छ नेपालतिरै

डोकाभरि काउली बन्दा बाँकी बेच्दा बजारतिर
देलान् पैसा नदिए नि चन्दा हुन्छ नेपालतिरै ।

■■■

# एकाउन्न

सपनीमा बर्बराउँदा सम्झियौ कि मलाई आमा
तिम्रा आँखा फर्फराउँदा सम्झियौ कि मलाई आमा

खुसी हुन्छ्यौ या त रून्छ्यौ खबर ल्यायो भन्ठानेर
आँगनीमा काग कराउँदा सम्झियौ कि मलाई आमा

बाडुली नि लाग्ला पक्कै त्यसैमाथि साँझ बिहान
घरमा आगो भर्भराउँदा सम्झियौ कि मलाई आमा

आउँछु भन्दै ढाँटी-टाँटी मिति सार्ने मेरो बानी
के-के सोची मन डराउँदा सम्झियौ कि मलाई आमा

पछि लाग्थेँ सानो छँदा मजेत्रोले बोकी हिंड्थ्यौ
पाखा बारी गाई चराउँदा सम्झियौ कि मलाई आमा ।

■■■

# बाउन्न

केही गरिनँ मैले आमा हिजो जस्तै आज पनि
परेपछि बाध्यतामा हिजो जस्तै आज पनि

माया मा¥या छैन मैले जत्ति टाढा भए पनि
दिन बित्दै छ सम्भनामा हिजो जस्तै आज पनि

तिम्रो चोली अभै उस्तै फेर्न कहिल्यै सकिएन
बैनीको त्यही थोत्रो जामा हिजो जस्तै आज पनि

चुनौती छन् वरिपरि कहिले पुग्ने गन्तव्यमा
बाटाहरू लामा-लामा हिजो जस्तै आज पनि

भाग्यले नै ठगेपछि असफल छु सधैँभरि
जिन्दगीको परीक्षामा हिजो जस्तै आज पनि ।

■■■

# त्रिपन्न

उता हिमाल यता वन, पहिचान हो हाम्रो गाउँको
राम्रा मान्छे सुन्दर मन, पहिचान हो हाम्रो गाउँको

इज्जत कहिल्यै नगुमाउने, राम्रै लाउने मिठो खाने
नभए'नि खासै धन, पहिचान हो हाम्रो गाउँको

अर्म पर्म मिलीजुली, मिठो माया एक अर्कामा
उस्तै मिठो बोली वचन, पहिचान हो हाम्रो गाउँको

दुःखमा साथ सुखमा हात बाउ बाजेका पालादेखि
चलिआ'को यस्तै चलन, पहिचान हो हाम्रो गाउँको

जमाना नै फेरिए नि संस्कृतिलाई जोगाइराख्ने
दोहोरी र चुड्का भजन, पहिचान हो हाम्रो गाउँको ।

■■■

# चउन्न

जानुपर्दा तिम्लाई छाडी यही सम्झेर रून्छु प्यारी
काँ हो काँ हो अरब खाडी यही सम्झेर रून्छु प्यारी

गए उतै एक मुठी सास तिम्रो पहिरन फेरिएर
हुने हो कि सेतो साडी यही सम्झेर रून्छु प्यारी

पाथी छैन भकारीमा भोका नाङ्गा बाल बच्चा छन्
पेट भरिन्न खाँदा बाँडी यही सम्झेर रून्छु प्यारी

यतै गरी खाऊँ भने नि साहुको नाउँमा बन्धकी भो
भा'को थोरै गाउँको झाडी यही सम्झेर रून्छु प्यारी ।

■■■

# पचपन्न

माया छ अपार नजानु भन्थ्यौ
भो साउदी कतार नजानु भन्थ्यौ

करोडको माया बन्धकी राखी
कमाउन हजार नजानु भन्थ्यौ

गएमा हजुर बग्छन् यी आँसु
झन् सदाबहार नजानु भन्थ्यौ

पोल्छ यो छाती, दुख्छ नि मुटु
तरेर जङ्घार नजानु भन्थ्यौ

फलाउँला यतै बारीमा आफ्नै
केरा र अनार नजानु भन्थ्यौ ।

■■■

# छपन्न

बल्दाबल्दै निभ्यो दियो त्यसैले त रूनुपर्‍यो
मनमा धेरै व्यथा थियो त्यसैले त रूनुपर्‍यो

दिल जलेको विपनीमा घर जलेको सपनीमा
देख्दा यो मन भक्कानियो त्यसैले त रूनुपर्‍यो

नमेटिने गरी कहिल्यै के लेखेछ विधाताले
आँसु दिंदै खुसी लियो त्यसैले त रूनुपर्‍यो

भुइँमा फुल्न नसकेर भिरमै फुल्न खोजे पनि
न कुश भइयो न बाबियो त्यसैले त रूनुपर्‍यो

यस्तै हुँदा सधैँभरि हाँसो खुसी जिन्दगीमा
हराएको जस्तो सियो त्यसैले त रूनुपर्‍यो ।

■■■

# सन्ताउन्न

नजाऊ भन्थी बाटो रोकी पत्तो छैन आजभोलि
छोडी आएँ बेहाल भो कि पत्तो छैन आजभोलि

बिहेबारी भएपछि ढेड महिना त साथमै थियौँ
या त उसले गर्भ बोकी पत्तो छैन आजभोलि

नराम्रा छन् सपना नि ठुलै विमार भई कि कुन्नि
लाग्यो कि त रूघाखोकी पत्तो छैन आजभोलि

सहरमा हुर्केकी थिई गाउँको घरलाई हेला गरी
गै कि माइत ताला ठोकी पत्तो छैन आजभोलि

भन्थी भन्न जिन्दगीभर तिम्रै हुँ म तिम्रो कसम
के'था कसम झुटो हो कि पत्तो छैन आजभोलि ।

■■■

# अन्ठाउन्न

जति फाल्यो आउने दारी क्यारम त नि मैले
परेँ बाहुन अधिकारी क्यारम त नि मैले

पहिला भन्यौ चोली फाट्यो, ऋण काढेर ल्याइदिएथेँ
भन्छ्यौ फेरि फाट्यो सारी क्यारम त नि मैले

तिम्रो मेरो बिहे भा'को दुई महिना नि हुँदै थियो
रोक्किहाल्यो महिनाबारी क्यारम त नि मैले

जान्छु लाहुर भन्दा पनि नजा भनी रोक्न खोज्छ्यौ
साहुको नाउँमा छ घरबारी क्यारम त नि मैले

सुती-सुती खाउली भन्दै ढाँटी ल्याइयो उः बेलामा
बोक्छ्यौ अहिले घाँसका भारी क्यारम त नि मैले ।

■■■

# ्उनन्साठी

हेरेर जुन अँधेरीका एक दिन मलाई सम्झने छ्यौ
पुछ्दै आँसु परेलीका एक दिन मलाई सम्झने छ्यौ

हिरा छोडी ढुङ्गा रोज्दा पछुताउनु परेपछि
भन्दै तिम्ले हत्तेरिका एक दिन मलाई सम्झने छ्यौ

सुनको थालमा खाए पनि हाललाई जहाँ भए पनि
जापान हौ या अमेरिका एक दिन मलाई सम्झने छ्यौ

दुख्ला मुटु विगग सम्झे सुने कथा कहीँ कतै
भँगेरा र भँगेरीका एक दिन मलाई सम्झने छ्यौ ।

■■■

# साठी

हुन्न अब घरमा बसी तिमी आफैँ कुरा बुझ
कमाई ल्याउँछु खाडी पसी तिमी आफैँ कुरा बुझ

काँस झैँ फुलिन् आमा उमेरले भइन सत्तरीकी
बाले पनि काटे असी तिमी आफैँ कुरा बुझ

हाम्रो हालत बिग्रेको छ तर तिम्रा सa\गी साथी
बस्छन् लाली पाउडर धसी तिमी आफैँ कुरा बुझ

पिरतीले पेट भरिन्न भोको पेटमा कहिलेसम्म
बस्छ्यौ थोत्रो चोली कसी तिमी आफैँ कुरा बुझ

हुर्कंदै छन् केटाकेटी भन्लान् चिची, नाना, पापा
सँगै किताब कापी, मसी तिमी आफैँ कुरा बुझ ।

■■■

# एकसट्ठी

दुहेर गाई दुधमा पानी मिसाउनेलाई पिरै छैन
झुटो बोल्दै बजारतिर बिकाउनेलाई पिरै छैन

आजभोलि महलभित्र डराउँछन् रे ठुला बडा
बरू खुल्ला आकाशमुनि निदाउनेलाई पिरै छैन

धेरैजसो मान्छेहरू धोका खान्छन् पिरतीमा
बरू सधैँ एक्लो जीवन बिताउनेलाई पिरै छैन

आफ्नो भन्दा अरूको झन् चिन्ता जति लिए पनि
जानी-जानी आफैँ बाटो बिराउनेलाई पिरै छैन ।

■■■

# बैसट्ठी

लेख्दा चिठी फोटोतिर, हेरी पियारीको
पुछिन्छ कि जस्तो लाग्छ सिन्दुर मेरी पियारीको ॥

यस्तो लाग्छ कहिलेकाहीँ त, मरे पनि ब्यूँतने छु
आफ्नो भन्दा धेरै माया, हुँदा खेरि पियारीको

चितामाथि लास जल्ने भो, मनमा रहर हुँदाहुँदै
झम्टिएर रूने मलाई धोको फेरि पियारीको

ज्यान बाँचेनि मुटु मर्दा था' छ मलाई राम्रोसँग
शुन्य हुन्छ पक्कै पनि घर मझेरी पियारीको

मुर्छा हुँदा वियोगमा रूँदा-रूँदै उनी उता
आँसु बगी कर्णाली र हुन्छ भेरी पियारीको

■■■

# त्रिसट्ठी

त्यो दिलभित्र सजाउनलाई, सक्छ्यौ भने लान्छु सानु
म रूँदा नि हँसाउनलाई, सक्छ्यौ भने लान्छु सानु

तिम्रो जस्तो शहरको, महल हैन मेरो गाउँको
झुपडीमा अटाउनलाई, सक्छेउ भने लान्छु सानु

पिजा बर्गर मिल्ने छैन, आटो पिठो खाएर नै
आधा पेटमा अघाउनलाई, सक्छ्यौ भने लान्छु सानु

लेक र बेसी गर्नुपर्छ सुख हुन्न कहिल्यै पनि
दुःखसँग रमाउनलाई, सक्छ्यौ भने लान्छु सानु

चोखो माया पिरतीले खरको छानो सुनको जस्तै
मिलिजुली बनाउनलाई सक्छ्यौ भने लान्छु सानु

■■■

# चौसट्ठी

आगो लाउन मेरो लासमा सलाई देलान मलामीले
तिम्ले मात्र दागबत्ती देऊ, जलाई देलान् मलामिले

चितामाथि लास जल्दा नि झुटो आरोप लगाइदिए
भएभरका दोष सबै, मलाइ देलान् मलामीले

तिम्रै कारण संसार त्याग्दा मैलाई दोषी देखाइदिए
झुटो कुरा गाउँभरि नै चलाइ देलान मलामीले

विरहमा परेको झैँ, नाटक गरे तिनको सामु
मलाई गाली तिम्लाई केबल भलाइ देलान् मलामीले ।।

यही बिरूवा पिरतीको हाम्ले मिली हुर्काएको
भन्नु तिम्रो अगाडि नै ढलाइ देलान् मलामिले ।।

■■■

# पैंसट्ठी

आफनै जीवन तुसारो र शीत भयो जहिले पनि
तिनै व्यथा गजल अनि गीत भयो जहिले पनि

पिडा लुकाई मुस्कान छर्न खोजे पनी कैयौँ चोटि
हाँसो हार्‍यो आँसुको नै जीत भयो जहिले पनि

विगत भुली भविष्यको सपना देख्न खोज्दाखेरि
पलपलमा झस्काइदिने अतीत भयो जहिले पनि

काँडै काँडा मुलबाटोमा यात्रा लामो जिन्दगीको
पाइला अघि सार्नै नपाई थकित भयो जहिले पनि

नसुनाउँदा मुटु दुख्छ सुनार्य हाल्दा बैरी हाँस्छन्
आफ्नो कथा अरूलाई चर्चित भयो जहिले पनि

■■■



| | | |
|---|---|---|
| नाम | : | आर. सी. अधिकारी |
| जन्म मिति | : | २०४५/०३/०१ गते |
| जन्मस्थान | : | पोखरा-२९, हेमजा, कास्की |
| पिता | : | स्व. नन्दलाल अधिकारी |
| माता | : | हिमकली अधिकारी |
| प्रकाशित कृति | : | प्रवासका अक्षरहरू (संयुक्त गजल सङ्ग्रह) |
| | | खाडीको सुन (तपाईंको हातमा) |
| पुरस्कार | : | जिल्ला स्तरीय कविता प्रतियोगिता (द्वितीय, २०६०) |
| | | जिल्ला स्तरीय लोकगीत प्रतियोगिता (द्वितीय २०६१) |

गजल सन्ध्या, पोखरा, नेपालद्वारा प्रकाशित